लोक सेवा आयोग

# सूचना-पत्र

**BULLETIN**

साप्ताहिक
(बुधवार प्रकाशित हुने)

| वर्ष ३८ | २०७७ कार्तिक १९ गते | अंक १६ |
|---|---|---|
| YEAR 38 | 4 NOVEMBER 2020 | NO. 16 |


## विषयसूची

पृष्ठ

१. सच्चाइएको सूचना २

२. परीक्षा रद्द गरी निलम्बन गरिएको सूचना २

३. सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना २


**उम्मेदवारहरुलाई विशेष जानकारी :** लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनहरुमा psconline.psc.gov.np मा गई दरखास्त दिन सकिन्छ। सम्बन्धित पदको पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

सर्वाधिकार आयोगमा सुरक्षित

जि.का.काठमाडौं द.नं. २६/०४०-४१
म.क्षे.ह.वि.द.नं. ५६/०४९-५०

# केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

### सच्याइएको सूचना

**सूचना नं. ६१/०७७-७८**

आयोगबाट मिति २०७७।०६।२८ मा प्रकाशित रा.प.प्रथम र द्वितीय श्रेणी (प्राविधिक/अप्राविधिक) तथा स्वास्थ्य सेवाका एघारौं र नवौं तहका बढुवा सूचना तथा आ.प्र. खुला र समावेशी तर्फका प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन सूचनामा स्वास्थ्य सेवा, नवौं तह तर्फ **वि.नं १७२७७/०७७-७८** र **वि.नं. १७२७८/०७७-७८ को पदनाम उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

## परीक्षा सञ्चालन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था)

### परीक्षा रद्द गरी निलम्बन गरिएको सूचना

**सूचना नं. ६२/०७७-७८**

आयोगको जलेश्वर कार्यालयबाट मिति २०७६।०८।२८ गते सञ्चालित लिखित परीक्षामा देहाय बमोजिमका उम्मेदवारले अनियमित कार्य गरेको हुनाले आयोगको मिति २०७७।०६।२९ को निर्णयानुसार निजलाई कारवाही गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं, पद, | रोल नं | उम्मेदवारको नाम थर र ठेगाना | बाबु/ आमाको नाम | बाजेको नाम | अनियमित कार्यको विवरण | कारवाहीको विवरण |
|---|---|---|---|---|---|---|---|
| १ | ०१ (०७६-७७), प्रहरी जवान, (जनपद) | २९५१३ | राकेश यादव, विश्रामपुर-४, रौतहट | हरिन्द्र/ अनितादेवी | सुरेन्द्र | लिखित परीक्षा दिन वृन्दावन न.पा. ३, रौतहट बस्ने धिरज यादवलाई पठाएको । | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि पदको लिखित परीक्षामा ५ (पाँच) वर्षसम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने । निजको नाममा नक्कली परीक्षार्थी बनी परीक्षा दिने व्यक्तिलाई ५ (पाँच) वर्षसम्म आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा सामेल हुन नपाउने गरी निलम्बन गर्ने र निजहरुलाई प्रचलित कानून बमोजिम अनुसन्धान गरी आवश्यक कारवाही अगाडि बढाउन नेपाल प्रहरीको सम्बन्धित कार्यालयलाई लेखी पठाउने । |

## लोक सेवा आयोग, काठमाडौं कार्यालय, नयाँ वानेश्वर

### सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७७।०७।१९(

यस कार्यालयलाई आ.व. २०७७/०७८ मा आवश्यक पर्ने कार्यालय सामान, मसलन्द सामग्री तथा उत्तरपुस्तिका छपाई र फोटोकपी पेपर तथा अन्य सामान खरिद तथा आपूर्ति कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

| दरभाउपत्र नं. | खरिद कार्य विवरण | सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थान | दरभाउपत्रको जमानत वापत राख्नु पर्ने रकम | दरभाउपत्र फाराम दस्तुर रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०१७८/०७७- | कार्यालय सामान तथा मसलन्द सामग्री खरिद तथा आपूर्ति | २०७७ ०३/०८/गते कार्यालय समय भित्र | २०७७गते ०४/०८/ बजेभित्र १२:०० दिनको | २०७७गते ०४/०८/ दिनको २ बजे ००: यस कार्यालयको कार्यालय भवनमा | ४३०००।- | १०००।- | |
| ०२७८/०७७- | उत्तरपुस्तिका पहिलो पाना छपाइ र खरिद तथा आपूर्ति | | | | ५१०००।- | १०००।- | |
| ०३७८/०७७- | फोटोकपी पेपर तथा अन्य सामान खरिद तथा आपूर्ति | | | | ३७०००।- | १०००।- | |

१. उपरोक्त सिलबन्दी दरभाउपत्रमा सहभागी हुन इच्छुक फर्म, उद्योग, कम्पनी, संस्थाले चालु आ.व. २०७७/७८ को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको साथै आ.व. ०७६/७७ को कर विवरण पेश गरेको पत्र वा सो को लागी म्याद थप भएको पत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु संलग्न राखी रु. १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको जिन्सी फाँटबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न र सिलबन्दी दरभाउपत्र यस कार्यालयको जिन्सी फाँटमा पेश गर्न सकिने छ ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्दा माथि उल्लिखित रकम बराबरको कम्तीमा ७५ (पचहत्तर) दिन मान्य अवधि भएको दरभाउपत्रको जमानत (विडवण्ड) वापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी वा नगदै धरौटी जम्मा गर्न चाहने दरभाउपत्रदाताले देहाय बमोजिमको धरौटी खातामा रकम जम्मा गरेको सक्कलै बैंक भौचर सिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।

**<u>धरौटी रकम जम्मा गर्ने खाता सम्बन्धी विवरणः</u>**

बैंकको नामः नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं ।
कार्यालयको नामः कोष तथा लेखा नियन्त्रक कार्यालय, समन्वय कार्यालय, ववरमहल, काठमाडौं ।
कार्यालय कोड नं.- २१००१३५०१
बैंक खाता नं.- १२०१२००००१००२५२४

३. दरभाउपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

४. दरभाउपत्र फाराम माथि उल्लिखित मिति र समयमा उपस्थित दरभाउपत्र दाताहरु वा निजहरुको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा (दरभाउपत्रदाता/प्रतिनिधि उपस्थित नभए पनि) यस कार्यालयमा खोलिनेछ ।

५. दरभाउपत्र फाराममा प्रस्तावित रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ ।अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

६. रीत नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

८. यस सूचनामा उल्लेख गरिए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

९. दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि लोक सेवा आयोगको website www.psc.gov.np मा हेर्न वा यस कार्यालयको जिन्सी प्रशासनमा आई बुझ्न सकिनेछ ।

**प्रकाशकः लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखा**
**ई-मेल:: info@psc.gov.np वेभसाइट: www.psc.gov.np**
**टेलिफोन नं.: ०१-४७७१३५५, फ्याक्स नं. : ०१-४७७१४९० पोष्ट बक्स नं.: ८९७९, काठमाडौं**
**२०७७/७/१९ बुधबार**